## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, काठमाडौंले भारतबाट खरीद गरी आयात गर्ने प्रति इकाई मूल्य भा. रू. १,३०,४७७।– पर्ने महेन्द्र एफ्.जे. ४६० डिपिको एम्वुलेन्स थान २(दुई) को आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन,२०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सिद्धार्थ वनस्थली आवासीय विद्यालय, बालाजु, काठमाडौंले नेपाल आएको पर्यटकले कोर्ने अन्तर्गत ल्याएको मर्सडिज बेञ्च कम्पनीको च्यासिस नं. ०३०२२४४१०००७३९३ इन्जन नं. ३५२९६८०१००७०३०२ को अटोबस थान १ (एक) खरीद गरेकोले सो बसको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल पेट्रोलियम ऐन, २०४० को दफा १ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन मिति २०४१।१२।१ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

खण्ड २९ मिति २०३६।८।१० संख्या ३१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित जल विद्युत् तथा सिंचाइ मन्त्रालयको सूचनामा इञ्जिनीयरिंग सेवा रा. प. तृ. श्रेणीका श्री शंकरानन्द श्रेष्ठको पदनामको महलमा उल्लिखित प्राविधिक अधिकृतको सट्टा विद्युत् अधिकृत गरी संशोधन गरिएको छ ।

आज्ञाले,
शिवशमशेर राणा
श्री ५ को सरकारको निमित्त सचिव

९५८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।